☎ { ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

# नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

मिति: २ भाद्र २०७९

18 August 2022

पत्र संख्याः
च. नं.:

## प्रेस विज्ञप्ति

पश्चिम सेती जलविद्युत परियोजना र सेती नदी-६ जलविद्युत परियोजना विकासका लागि NHPC Ltd. सँग समझदारीपत्र सम्पन्न।

काठमाडौं- सम्माननीय प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूको समुपस्थितिमा नेपाल सरकार, लगानी बोर्ड र NHPC Limited , Government of India Enterprise बीच पश्चिम सेती जलविद्युत परियोजना र सेती नदी -६ जलविद्युत परियोजना विकासका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारीपत्रमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्ट र NHPC Limited का तर्फबाट अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री अभयकुमार सिंहले हस्ताक्षर गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूको अप्रिल २, २०२२ मा भएको भारत भ्रमणका अवसरमा नेपालको जलविद्युत परियोजनाको विकासका लागि सहकार्य गर्ने र भारतका सम्माननीय प्रधानमन्त्रीज्यूको लुम्बिनी भ्रमणको अवसरमा पश्चिम सेती जस्ता महत्वपूर्ण जलविद्युत परियोजना विकासका लागि सक्षम भारतीय कम्पनीहरुलाई आमन्त्रण गरिएको थियो। सोही आमन्त्रण अनुसार नै भारत सरकारको स्वामित्वमा रहेको सरकारी कम्पनी NHPC Limited ले वार्ताद्वारा परियोजना विकास गर्ने स्वीकृतिका लागि अनुरोध गरेको थियो। राष्ट्रिय गौरवका रुपमा रहेको पश्चिम सेती तथा सेती नदी-६ परियोजनालाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।०२।३१ गते बसेको बैठकले वार्ताद्वारा परियोजना विकास गर्ने सम्बन्धमा NHPC Limited लाई परियोजना अध्ययनका लागि स्वीकृति प्रदान गरेको थियो।

परियोजना विकासका लागि NHPC Limited सँग वार्ता गरी तयार गरिएको समझदारीपत्रको मस्यौदा लगानी बोर्डको ५२ औं बैठकले स्वीकृत गरी उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरेको थियो।

NHPC Limited ले समझदारीपत्रका व्यवस्था अनुसार परियोजनाको आर्थिक, वित्तीय, प्राविधिक, सामाजिक एवं वातावरणीय, ऊर्जा बजारको सुनिश्चिता, प्रसारण लाइन लगायतका विषयमा अध्ययन गरी विस्तृत परियोजना दस्तावेज तयार गरी २ वर्षभित्र लगानी बोर्ड समक्ष पेश गर्नुपर्नेछ।

समझदारीपत्र हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले लगानी बोर्ड र एनएचपीसीबीच आज हस्ताक्षर भएको समझदारीपत्र नेपाल र भारतबीचको उर्जा सहकार्यमा महत्वपूर्ण कोशेढुंगा

नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्सः ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार
लगानी बोर्डको कार्यालय
२०६८

मितिः

पत्र संख्याः
च. नं.:

भएको बताउनुभयो।यी उर्जा परियोजनाको कार्यान्वयनले नेपालमा उत्पादित विद्युत निर्यात गरी व्यापार घाटा न्यूनीकरण गर्न सकिने विचार व्यक्त गर्नुभयो।

परियोजना विकाससँगै विकासका दृष्टिले पिछडिएको सुदूरपश्चिम प्रदेश आर्थिक तथा सामाजिक विकासको मूलप्रवाहमा प्रवेश गर्ने लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले बताउनुभयो। उक्त परियोजनाहरु विकास मार्फत पश्चिम सेती करिडोरमा सडक, प्रसारण लाइन लगायतका पूर्वाधार विकासले गति लिने विश्वास व्यक्त गर्नुभयो।

NHPC Limited का अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री अभयकुमार सिंहले समझदारीसँगै एनएचपीसीको नेपालसँग सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको उल्लेख गर्दै उक्त जलविद्युत परियोजना समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उक्त अवसरमा माननीय मन्त्रीज्यूहरू, संघीय संसद माननीय सदस्यज्युहरु, उच्च पदस्थ सरकारी अधिकारीहरू, लगानी बोर्डका सदस्यज्यूहरू, भारतीय दुतावासको उच्च पदस्थ अधिकारीहरु, स्थानीय तहका प्रमुखज्यूहरु, निजी क्षेत्रका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

.............................
(अमृत लम्साल)
सहसचिव एवं प्रवक्ता